सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम

# सार्वजनिक गरिएको त्रैमासिक (२०७९ बैशाख -२०८० आषाढ) र बार्षिक प्रगति विवरण




प्रदेश सरकार

पर्यटन, वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

## डिभिजन वन कार्यालय मोरङ

कोशी प्रदेश, नेपाल

## आ.व. २०७९/८०

विषय सूची

**१. डिभिजन वन कार्यालयको स्वरुप र प्रकृति.........३**
१.१ कार्यालयको उद्देश्य.........३
१.२ कार्यालयको कार्यक्षेत्र.........४
१.३ कार्यालयको संगठन स्वरुप.........४
**२. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि.........५**
**३. निर्णय गर्ने प्रक्रिया र अधिकारी.........६**
**४. निर्णय उपर उजुरी सुन्ने अधिकारी.........७**
**५. सम्पादन गरेको कामको विवरण.........७**
५.१ वनक्षेत्रको विवरण.........७
५.२ फिल्ड क्षेत्रको अनुगमन.........७
५.३ वन्यजन्तुको चोरी शिकारी नियन्त्रण तथा उद्धार र पिडित परिवारहरुलाई राहत वितरण.........८
५.४ वन विकास कार्यहरु.........९
*५.४.१ नर्सरी निमार्ण/मर्मत.........९*
*५.४.२ विरुवा उत्पादन.........९*
*५.४.३ विरुवा वितरण.........१०*
*५.४.४ वृक्षारोपण.........१०*
*५.४.५ गोडमेल र पुनःरोपण.........११*
*५.४.६ सडकछेउ वृक्षारोपणक्षेत्र (Roadside plantation).........१२*
*५.४.७ सिमसार तथा पर्यापर्यटन व्यवस्थापन कार्यक्रम.........१२*
**६. वन व्यवस्थापनका कार्यहरु.........१२**
**७. स्विकृत कार्यक्रम र बजेट.........१३**
**८. काठ दाउरा उत्पादन, आपुर्ति ब्यवस्थापन.........१३**
**९. राजस्व र मु.अ.करको विवरण.........१४**
**१०. मुद्दा दायरी र फर्छ्यौट.........१५**
**११. सूचना अधिकारी र प्रमुखको नाम र पद.........१५**
**१२. कार्यालयको वेभसाइट र इमेल ठेगाना :.........१५**
अनुसूची १ डिभिजन र सब डिभिजन कार्यालयहरु रहेको स्थान र कार्यक्षेत्रको विवरण.........१५
अनुसूची २ डिभिजन र सब डिभिजन कार्यालयहरु रहेको स्थान र कार्यक्षेत्रकोको नक्सा.........१६
अनुसूची ३: विनियोजित बजेट र प्रगति विवरण.........१८

## १. डिभिजन वन कार्यालयको स्वरुप र प्रकृति

नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०७५।०३।३२ को निर्णयबाट प्रदेश सरकार, प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहत रहने निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत भए अनुसार वनसंग प्रचलित सम्बन्धित ऐन, नियम, संघीय तथा प्रादेशिक वन नीतिको प्रभावकारी कार्यान्वयन गरी प्रदेश नं. १ भरिका वनक्षेत्रको दिगो विकास एवं व्यवस्थापन गर्न प्रदेश वन निर्देशनालय अन्तरगत १४ जिल्लाका १५ डिभिजन वन कार्यालय रहने व्यवस्था गरिएको छ । डिभिजन वन कार्यालय संघीय र प्रदेश सरकारको वनसंग सम्बन्धित ऐन, नियम, नीति र निर्देशन र कार्यक्रम कार्यान्वयन गर्ने जनस्तरमा रहेको सबैभन्दा तल्लो सेवा प्रवाह र कार्यान्वयनको इकाई समेत भएकोले यसलाई उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय प्रदेश नं. १ को वनक्षेत्र निकायको मेरुदण्डको रुपमा हेरिएको छ ।

डिभिजन वन कार्यालयहरुमा कामको प्रकृति, विशिष्टता, सेवा प्रवाहको आवश्यकता र उपादेयतालाई मध्यनजर गरी वन प्राविधिक, प्रशासनिक तथा सशस्त्र वनरक्षक कर्मचारीहरुको दरबन्दीको व्यवस्थापन गरिएको छ । तराई, भित्री मधेश र पहाडका जिल्लाहरुको वनक्षेत्र संरक्षणको लागि सशस्त्र वन रक्षकहरु संघीय सरकार मातहत रहेर तिनको दरबन्दी डिभिजन वन कार्यालय अन्तर्गत राखी कामकाज गर्ने व्यवस्था गरिएको छ ।

### १.१ कार्यालयको उद्देश्य

डिभिजन वन कार्यालयका मूलभूत उद्देश्यहरु देहाय बमोजिम छन ।

- डिभिजनको क्षेत्रभित्रको राष्ट्रिय वनको संरक्षण, सम्वर्धन तथा सदुपयोग गर्ने ।
- डिभिजन स्तरीय संघीय र प्रदेश सरकारका वनसंग सम्बन्धित ऐन, नियम तथा नीतिहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।
- प्रचलित ऐन, नियम र नीति अनुसार सम्भाव्य साझेदारी, चक्ला, सामुदायिक, कबुलियती, संरक्षित तथा धार्मिक वन क्षेत्रहरुको पहिचान, विकास एवं व्यवस्थापन गर्ने ।
- डिभिजन स्तरिय वन विकास कार्यमा जनसहभागिता परिचालन गर्दै वन निकायबाट जनतालाई प्रवाह गर्नुपर्ने सेवासुविधा चुस्त, दुरुस्त, प्रभावकारी बनाई वन प्रशासन कायम गर्ने ।
- डिभिजनको क्षेत्रमा नीजि वन र कृषि वन प्रणालीको विकास एवं विस्तार गर्ने र आवश्यक सिप, ज्ञान र प्रविधी हस्तान्तरण गर्ने ।
- डिभिजन स्तरिय पन्चवर्षिय एवं वार्षिक योजना तर्जुमा गरी स्वीकृतिको लागि प्रदेश वन निर्देशनालयमा पेश गर्ने ।
- डिभिजन स्तरिय सरकारी तथा स्थानीय निकाय र गैरसरकारी संघसंस्थाहरु, स्थानीयतहहरुसंग समन्वय विस्तार गरी वन विकास एवं व्यवस्थापन कार्यहरु संचालन गर्ने ।
- डिभिजनमा संचालित वन विकास कार्यक्रमको प्रगती बिबरणको साथै अनुगमन प्रतिवेदन प्रदेश वन निर्देशनालय, वन तथा भू–संरक्षण विभाग र अन्य सम्वन्धित निकायहरुमा पेश गर्ने ।

- संघीय र प्रदेश सरकारले तोकेको अन्य कार्यहरु गर्ने गराउने ।

## १.२ कार्यालयको कार्यक्षेत्र

- वन विकास तथा व्यवस्थापन सम्बन्धि संघीय र प्रदेश सरकारका ऐन, नियम नीति र निर्देशन कार्यान्वयन गर्ने ।
- वन संरक्षण एवं सम्बर्धन सम्बन्धी ऐन, नियम र नीति तर्जुमा संशोधन परिमार्जन गर्न वन निर्देशनालय मार्फत प्रदेश मन्त्रालय र वन तथा भू—संरक्षण विभागलाई सहयोग गर्ने ।
- डिभिजनस्तरिय वन विकास सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गरी अन्य सरोकारवालासंग समन्वय विस्तार गरी कार्यक्रम संचालन गर्ने ।
- नीजि वन र कृषि वनको विकास एवं व्यवस्थापन गर्न सरोकारवालालाई आवश्यक प्राविधिक सुझाव सल्लाह दिने ।
- वन व्यवस्थापन, गुणस्तरीय नर्सरी एवं विरुवा उत्पादन, बृक्षारोपण, जैविक विविधता तथा वातावरण संरक्षण सम्बन्धी जानकारी सर्वसाधारणलाई उपलव्ध गराई वन व्यवस्थापन कार्यमा जनसहभागिता परिचालन गर्ने ।
- दिगो तथा वैज्ञानिक वन व्यवस्थापनको लागि कार्यक्रम तर्जुमा गरी वन निर्देशनालयमा पेश गर्ने र स्वीकृत भइ आएपछि कार्यान्वयन गर्ने ।
- वन अपराधसँग सम्बन्धित अभियुक्तहरुको लागि सरल र सुविधाजनक एवं मापदण्ड अनुसारको हिरासत व्यवस्थापन गर्ने गराउने ।
- वन तथा भू—संरक्षण विभागको निर्देशन अनुसार प्रदेशमा रहने शसस्त्र वन रक्षक क्याम्पको परिचालन गर्ने गराउने ।
- कानूनमा उल्लेख भए बमोजिम वन अपराध नियन्त्रण र अर्धन्यायिक न्याय सम्पादन गर्ने गराउने ।

## १.३ कार्यालयको संगठन स्वरुप

प्रदेश नं. १ का १४ जिल्लामा १५ वटा डिभिजन वन कार्यालयहरु स्थापना भएका छन् (उदयपुरमा २ र र बाँकी प्रति जिल्लामा १) । प्रत्येक डिभिजन वन कार्यालयको संगठन स्वरुप, दरबन्दी संख्या भिन्न भिन्न छन् ।

प्रदेश नं. १ को उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको स्वीकृत संगठन तथा व्यवस्थापन प्रतिवेदन, २०७५ अनुसार डिभिजन वन कार्यालय, मोरंगको संगठन स्वरुप निम्नानुसार रहेको छ । यस संगठनमा कर्मचारीहरुको जम्मा दरबन्दी १४२ जनाको रहेको छ ।

(अ) डिभिजनल वन अधिकृत १ (रा.प.द्वि. प्रा. वन)

(आ) योजना शाखा (स.व.अ.२, रेञ्जर १, अपरेटर १, हेल्पर १)

(इ) वन ब्यवस्थापन शाखा (स.व.अ.२, रेञ्जर १, फरेष्टर २, वन रक्षक १)

(ई) कर्मचारी प्रशासन शाखा (शा.अ. १, ना.सु. १, खरिदार १, हसचा २, का.स. ३, चौकीदार १)
(उ) सब डिभिजन वन कार्यालयहरु १२ (स.व.अ. १२, रेञ्जर १२, वन रक्षक ७२)
(ऊ) आर्थिक प्रशासन शाखा (लेखा अधिकृत १, लेखापाल १)
(ए) सशस्त्र वन सुरक्षा शाखा (सुवेदार १, जमदार २, हवल्दार ४, स.व.र. १६)

यस कार्यालय मातहतमा रहेका १२ वटा सब डिभिजन वन कार्यालयहरुको नामावली र कार्यक्षेत्रको विवरण अनुसुची १ मा समावेश छ ।

## २. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

यस कार्यालयबाट प्रदान गरिने सेवाहरु, लाग्ने दस्तुर, प्रक्रिया र अवधि निम्न तालिकामा देखाएको छ ।

तालिका नं १ : नागरिक वडापत्र

| सि.नं. | सेवाहरुको विवरण | सेवा प्राप्त गर्न आवश्यक प्रमाण तथा कागजातहरु | सेवा प्राप्त गर्न लाग्ने | | जिम्मेवार शाखा | कार्य समयमा नभएमा उजुरी गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| | | | शुल्क दस्तुर | समय | | |
| १. | निजि वन दर्ताको स्थानीय तहमा सिफारिश | जग्गाधनी प्रमाणपूर्जा, जग्गाको नक्शा, मालपोत तिरेको रसिद, फिल्ड निरीक्षण प्रतिवेदन र जग्गाधनीको निवेदन | शुल्क नलाग्ने | फिल्ड निरीक्षण भै पेश भएको १५ दिन भित्र | योजना | डिभिजनल वन अधिकृत |
| २. | सामुदायिक वन उपभोक्ता समुह गठन र दर्ता | उपभोक्ता समुहको निर्णयको प्रमाणित प्रतिलिपी, तोकिए अनुसारको ढाँचामा समुहको विधान र तोकिए बमोजिमको ढाँचामा वन उपभोक्ता समुहको निवेदन | शुल्क नलाग्ने | आवश्यक प्रक्रिया पुरा भएर आएमा १ महिना भित्र | योजना | ,, |
| ३. | वन कार्ययोजना स्वीकृती तथा सामुदायिक वन हस्तान्तरण | उपभोक्ता समुहको निर्णयको प्रमाणित प्रतिलिपी, तोकिए अनुसारको ढाँचामा वन कार्ययोजना र सो को पालना गर्ने कबुलियतीनामा, तोकिए बमोजिमको ढाँचामा वन उपभोक्ता समुहको निवेदन | शुल्क नलाग्ने | आवश्यक प्रक्रिया पुरा भएर आएमा १ महिना भित्र | योजना | ,, |
| ४. | सामुदायिक वनको काठ, दाउरा विक्री वितरण | स्वीकृत वन कार्ययोजनाको परिधि भित्र रही समुहको निर्णय प्रतिलिपी, सब डिभिजन वन कार्यालयको निरीक्षण प्रतिवेदन र सिफारिश पत्र | शुल्क नलाग्ने | फिल्डकार्य समाप्त भै पेश भएको एक दिन भित्र | योजना | ,, |
| ५ | कृषि वन, विरुवारोपण, वन व्यवस्थापन लगायत विभिन्न बिषयमा प्राविधिक सल्लाह | फोन (०२१४६०४०४) वा वन प्राविधिकसँग प्रत्यक्ष भेटघाट/छलफल | नलाग्ने | तुरुन्तै | योजना र सब डि.व.का. | ,, |
| ६. | राष्ट्रिय वनको काठ दाउरा स्थान्तरण इजाजत | शिलबन्दी र खुला डाक बढाबढबाट विक्री रकम दाखिला भई टाँचा विमार्का पछि स्थानान्तरण इजाजत | सकार रकम, संकलन खर्च र मु.अ.कर | आवश्यक प्रक्रिया पुरा भई पेश भएको एक दिन भित्र | वन व्यवस्थापन | ,, |
| ७. | काठ चिरान इजाजत, | काठको श्रोत खुलेको छोडपूर्जी, मिलको सहमति, वन प्राविधिकबाट | शुल्क नलाग्ने | प्रक्रिया पूरा भै पेश भएकै दिन | वन व्यवस्थापन | ,, |

| सि.नं. | सेवाहरुको विवरण | सेवा प्राप्त गर्न आवश्यक प्रमाण तथा कागजातहरु | सेवा प्राप्त गर्न लाग्ने | | जिम्मेवार शाखा | कार्य समयमा नभएमा उजुरी गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| | | | शुल्क दस्तुर | समय | | |
| | स्थानान्तरण इजाजत | भौतिक निरीक्षण प्रतिवेदन | | | | |
| ८. | निजी वन र निजी आवादीको जग्गाको काठ, दाउराको स्थानान्तरण | जग्गाधनी प्रमाण पूर्जा, जग्गाको नक्शा, स्थानीय तहको सिफारिश, निजी वनको प्रमाण-पत्र र वन प्राविधिकबाट फिल्ड निरीक्षण प्रतिवेदन | मु.अ.कर | विमार्का मुचुल्का पेश भइ मु.अ. कर दाखिला भएको एक दिन भित्र | वन व्यवस्थापन | ,, |
| ९ | जडिबुटी, गैरकाष्ठ वनपैदावार संकलन र स्थानान्तरण इजाजत | डि.व.का.बाट संकलन इजाजत लिई फिल्डबाट नापजाँच मुचुल्का भएपछि स्थानान्तरण इजाजत दिइने । | वन नियामावलीमा तोकिएको राजस्व मात्र | निरीक्षण भई कार्यालयमा पेश भएको एक दिन भित्र | वन व्यवस्थापन | ,, |
| १०. | घर निर्माण र विकास कार्यको लागि सहुलियत दरको काठ दाउरा प्राप्ती | घर वनाउने स्थलको जग्गा धनी प्रमाण पूर्जा, स्थानिय तहको सिफारिस, न.पा.को हकमा घरको नक्सा | जिल्ला वनपैदावार आपूर्ति समितिले तोकेको मूल्य | निवेदन दिएको ६ महिना | .आपूर्ति समिति | ,, |
| ११ | विपदबाट प्रभावितलाई काठ र अन्य सवै प्रयोजनका लागी दाउरा प्राप्ती | जिल्ला विपद व्यवस्थापन समितिको सिफारिस, वा जिल्ला प्रशासन कार्यालयको सिफारिश, दाउराको हकमा सम्वन्धित व्यक्ति वा संस्थाको निवेदन | जिल्ला वनपैदावार आपूर्ति समितिले तोकेको मूल्य | निवेदन प्राप्त भएको एक हप्ता | आपूर्ति समिति | ,, |
| १२ | वन्यजन्तु हानी नोक्सानी मुद्दाको दर्ता | पकाउ अभियुक्तको अनुसन्धान भई जिल्ला सरकारी वकील कार्यालयबाट राय प्राप्त भएपछि | ऐन नियम आदेशले तोके अनुसार | अभियोग पेश भएकै दिन आदेश गर्ने | मुद्दा | ,, |
| १३ | मुद्दाको दर्ता, वन सम्वन्धी मुद्दाको फछ्यौट/फैसला | अभियुक्तहरु सवै हाजिर भएपछि वा समाह्वान तारेख भएपछि । | फैसला बमोजिमको जरिवाना | दर्ता भएको एक बर्ष भित्र | मुद्दा | ,, |
| १४ | सूचना प्रवाह | सूचना मागको निवेदन | नियमानुसार | १५ दिन भित्र | सूचना अधिकारी | ,, |
| १५ | उजुरी/गुनासो | उजुरीको निवेदन | नि:शुल्क | उजुरीको प्रकृति हेरी समय निर्धारण हुने | कर्मचारी प्रशासन | ,, |

पुनश्च: क्र.सं. १२ र १३ को मुद्दाहरु हाल सम्बन्धित सम्मानित जिल्ला अदालतमा दायर हुने गरेको छ ।

## ३. निर्णय गर्ने प्रक्रिया र अधिकारी

यस कार्यालयको कार्यक्षेत्र पर्ने माथि उल्लेखित दफा १.२ अनुसारको कार्यालयको कार्यक्षेत्र र प्रदान गरिने सेवाहरुको कार्य विवरण अनुसार बुझ्नुपर्ने फिल्ड निरीक्षण प्रतिवेदन यस कार्यालयमा प्राप्त भएपछि सम्बन्धित शाखामा कार्यरत शाखा प्रमुखको रायसाथको टिप्पणी कार्यालय प्रमुख समक्ष पेश गरेपछि कार्यालय प्रमुख (डिभिजनल वन अधिकृत) बाट निर्णय हुने प्रक्रिया रहेको छ । साथै क्षेत्राधिकार भन्दा बाहिरको निर्णय गर्नुपर्ने भएमा कार्यालय प्रमुखको रायसाथ आवश्यक कार्यबाहीको लागि माथिल्लो निकायमा आवश्यक निर्देशन माग गर्ने वा निर्णयका लागि पेश गर्ने प्रक्रिया रहेको छ ।


## ४. निर्णय उपर उजुरी सुन्ने अधिकारी

निर्णय उपर उजुरी सुन्ने अधिकारी कार्यालय प्रमुख (डिभिजनल वन अधिकृत) हुन् । कार्यालय प्रमुखले निर्णय गरेको हकमा उजुरी सुन्ने एक तह माथिको अधिकारी (वन निर्देशनालयको वन निर्देशक र प्रदेश मन्त्रालयको प्रदेश सचिवज्यू) ले उजुरी सुन्ने, वन अपराध सम्बन्धीको फैसला उपर चित्त नबुझेमा कानूनले तोकेको म्याद भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्ने प्रावधान रहेको छ ।

## ५. सम्पादन गरेको कामको विवरण

यस अवधिमा यस कार्यालयबाट सम्पादन भएका मुख्य विवरणहरु निम्न प्रकार रहेका छन् ।

### ५.१ वनक्षेत्रको विवरण




यस जिल्लामा रहेका वनक्षेत्र र यस आ.व.मा विस्तार भएका वनक्षेत्रहरुको विवरण निम्न तालिकामा देखाइएको छ ।

तालिका नं. २: वन क्षेत्रको विवरण

| सि.नं. | वनको वर्गीकरण | संख्या | क्षेत्रफल (हेक्टर) | आवद्ध घरधुरी |
|---|---|---|---|---|
| १. | सामुदायिक वन | १३४ | २१,६७०.२० | ६७,६६६ |
| २. | सरकारद्धारा व्यवस्थित वन | | १७,७४७.०९ | - |
| ३. | साझेदारी वन | ४ | ७,२६२.७६ | १३४,३७२ |
| ४ | कवुलियती वन | २ | ७८.०२ | |
| ५. | धार्मिक वन | १२ | ४६.९३ | ६४० |
| **जम्मा** | | | **४६,८०५.००** | **२०२,६७८** |

### ५.२ फिल्ड क्षेत्रको अनुगमन

यस कार्यालय भन्दा माथिल्लो निकायहरु संघीय वन तथा वातावरण मन्त्रालय, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, वन तथा भू—संरक्षण विभाग , प्रदेश वन निर्देशनालय, जिल्ला वन क्षेत्र समन्वय

समिति तथा यस कार्यालयबाट समेत यस अवधिमा जिल्लाका सबै सब डिभिजन वन कार्यालयहरु र लगभग सबैतिरको वनक्षेत्र र संचालित कार्यक्रमहरुको अनुगमन कार्य सम्पनन भएको छ । वन क्षेत्रको अवस्था सामान्य अवस्थामा रहेको र यस अवधिमा चोरी निकासीको घटना अत्यन्त न्यून रहेको पाइयो ।

## ५.३ वन्यजन्तुको चोरी शिकारी नियन्त्रण तथा उद्धार र पिडित परिवारहरुलाई राहत वितरण





वनक्षेत्र आसपासका बस्तिहरुमा, राजमार्गमा सवारी दुघर्टनाले घाइते भएका, माउसँग छुट्टिएर एक्लै हराउन पुगेका, आहारा र बासस्थानको खोजीमा दक्षिणी भेगसम्म आइपुग्ने गरेका, टुहुरा तथा घाइते वन्यजन्तुहरुलाई यस कार्यालयमा सूचना प्राप्त हुनासाथ प्राविधिक टोली पठाई उद्धार गरी आवश्यकता अनुसार उपचार समेत गराइ प्राकृतिक वासस्थान वा तिनको जीवनको संरक्षणको ग्यारेन्टी हुनसक्ने क्षेत्रगत निकायमा छाडी तथा बुझाई वन्यजन्तुको उद्धार तथा पुर्नस्थापना गर्ने गरिएको छ । सवारी साधनका कारण हुने दुर्घटनाबाट वन्यजन्तुको क्षति न्युनीकरण गर्न विभिन्न सचेतनामूलक होर्डिंग बोर्डहरु स्थापना कार्यहरुलाई निरन्तरता दिदै प्रचार प्रसार गरिएको छ । गर्मीको कारण घर गोठमा देखा पर्ने विषालु सर्पहरुबाट जोगिन तथा उद्धार कार्यको लागि विराटनगर महानगरपालिका का नगर प्रहरी समेतलाई तालिम दिई सर्प उद्धारको कार्य प्रभावकारी रुपमा लागू गरिएको छ । यस अवधिमा उद्धार गरिएका वन्यजन्तुहरुको विवरण निम्न तालिकामा देखाइएको छ ।

तालिका नं. ३: वन्यजन्तु उद्धार गरिएको विवरण

| वन्यजन्तु उद्दार बखतको अवस्था | वन्यजन्तु प्रजाति (स्थानीय नाम) | उद्दार वन्यजन्तु संख्या |
|---|---|---|
| घाइते | गोमन सर्प | १ |
| | हरिण(चित्तल) | ३ |
| जिवित (सामान्य अवस्थामा) | अजिङ्गर | ६ |
| | कछुवा | १ |
| | करेत | १ |
| | गोमन सर्प | ७ |
| | धामन सर्प | १ |
| | सुन गोहोरो | २ |
| | हरिण(चित्तल) | २ |
| | हुच्चिल उल्लुको बच्चा | १ |
| **जम्मा** | | २५ |

तालिका नं. ३ : मृत्यु भएका वन्यजन्तुको विवरण

| वन्यजन्तु मृत्युको कारण | मृत्यू भएको वन्यजन्तुको नेपाली नाम | मृत्यू भएको वन्यजन्तुको संख्या |
|---|---|---|
| यकिन हुन नसकेको | गोमन सर्प | १ |
| | निलगाई | १ |
| | हरिण(चित्तल) | २ |
| राती अज्ञात जन्तुले टोकि मरेको | चित्तल | १ |
| रोग लागेर | चित्तल | १ |
| रोड दुर्घटना | चित्तल | ५ |
| | निलगाई | १ |
| | रतुवा मृग | १ |
| | हरिण(चित्तल) | १ |
| शिकारी कुकुर (घरपालुवा) | चित्तल | १ |
| **जम्मा** | | १५ |

## ५.४ वन विकास कार्यहरु

यस अवधिमा भएका मुख्य वन विकासका कार्यहरु तपसिल बमोजिम छन् ।

### ५.४.१ नर्सरी निमार्ण/मर्मत

यस आ.व.मा नर्सरी निर्माणको कार्यक्रम नभएकोले नर्सरी निर्माणको कार्य भएको छैन । तर नर्सरी मर्मतको कार्य १३ वटा नर्सरीमा भएको छ । यसका साथै दुइ वटा स्थायी नर्सरीहरुमा ट्रस्ट निर्माणको कार्य सम्पन्न भएको छ ।




### ५.४.२ विरुवा उत्पादन

गुणस्तरीय विरुवा हाम्रो प्रतिवद्धता (Quality saplings is our motto) भन्ने नारालाई पूर्णरुपमा आत्मसाथ गर्दै यस आर्थिक वर्षमा डिभिजन वन कार्यालयवाट संचालित नर्सरी, दक्षिणी भेगका नीजि नर्सरी र सामुदायिक तथा साझेदारी वन नर्सरीहरुमा स्थानीय तहको समेत सहकार्य र सहयोगमा उच्च गुणस्तरका, तोकिएको प्रजाति र आकारका विरुवा तोकिएको समयभित्रै उत्पादन गरी वितरण गर्ने लक्ष्य रहेको छ । हाल प्रदेश सरकारको विनियोजित बजेट र कार्यक्रम रोक्का भएको अवस्थामा यस वर्ष संघीय सरकारको कार्यक्रम र जिल्ला वन पैदावार आपूर्ति समितिको कार्यक्रमबाट प्राप्त निम्न अनुसारको विरुवा उत्पादनको कार्य भैरहेको छ ।

तालिका नं ५: समग्र विरुवा उत्पादनको विवरण

| सि.न. | विवरण | एक वर्षिय विरुवा | बहु वर्षिय विरुवा | जम्मा विरुवा | कैफियत |
|---|---|---|---|---|---|
| १ | चालु आ.व.मा उत्पादित विरुवा (नेपाल/प्रदेश सरकार) | २०६५०० | २२५००० | ४३१५०० | |
| २ | जि.व.पै.आ.स. मार्फत विरुवा उत्पादन | ३००००० | ५०००० | ३५०००० | |
| ३ | साझेदारी वन मार्फत विरुवा उत्पादन | १५५००० | ० | १५५००० | |
| ४ | सामुदायिक वन समूह मार्फत विरुवा उत्पादन | ० | ० | ० | |
| ५ | स्थानीय तहको श्रोतमा विरुवा उत्पादन | २०००० | ० | ० | विराटनगर म.न.पा |
| जम्मा | | ६८१५०० | २७५००० | ९३६५०० | |

यसका साथै सहारा नेपाल भन्ने झापाको संस्थाले बेलबारी सब डिभिजन वन कार्यालयमा बाँसको करीब ८ हजार विरुवा उत्पादन कार्यमा सहयोग गरेका छन् ।

### ५.४.३ विरुवा वितरण

यस जिल्लामा बिगत र यस बर्षमा उत्पादन भएका एक बर्षिय र बहुबर्षिय बिरुवाहरु साझेदारी र सामुदायिक वनको वृक्षारोपण क्षेत्र, सार्वजनिक जग्गाको वृक्षारोपण, संघसंस्थाको जग्गामा भएको वृक्षारोपण, किसानको निजी जग्गामा भएको वृक्षारोपण र सडक किनारमा भएको वृक्षारोपण आदि समेत गरी हाल सम्म ६,२२,८९३ र बाँसको ६,३०० बिरुवा वितरण भईसकेको छ र बिरुवा वितरणको कार्य जारी रहेको छ ।

### ५.४.४ वृक्षारोपण

आ.व. २०७९।८० मा वृक्षारोपण भएको विवरण निम्न तालिकामा देखाएको छ ।

| सि.नं. | सब डि.व.का. | वृक्षारोपण गरिएको वनको नाम र ठेगाना | क्षेत्रफल हे. | रोपण गरिएका विरुवाको विवरण | |
|---|---|---|---|---|---|
| | | | | काष्ठ प्रजाति | विरुवा संख्या |
| ज्ञ | केराबारी | देवीझोडा सा व उ स, | १ | टाकी, बकैनो, नमुना, सतिसाल, अमला, | २७७०.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | केराबारी ९ | | पारीजात,खयर,रुद्राक्ष,तेजपात,रक्तचन्दन,सिरीष फुल,कटहर, अनार,लिची, अम्बा, बडहर, अश्वगन्धा, | |
| ङ | बेलबारी | सिंहदेवी सा वा , .बेलबारी ८ | २ | सतिसाल, रक्तचन्दन, चाप, जामुन, अम्बा, कटहर | १९९०.०० |
| घ | बेलबारी | नकसल सा .व., बेलबारी १ | १ | चाप, सतिसाल, कटहर, सिरीष, अम्बक, लप्सी | १०००.०० |
| ह्र | बेलबारी | लक्ष्मी सा व , बेलबारी ११ | ६ | चाप, सतिसाल, रक्तचन्दन, अम्बा, कटहर, अमला, मसला | ७२००.०० |
| छ | केराबारी | आमजुंगी सा व , केराबारी ८ | ३.१७ | | |
| ट | मंगलबारे | पथरी शनिश्चरे साझेदारी वन | १४ | जामनु, कर्मा, अम्ला, चिउरी, सतिसाल | २२४००.०० |
| ज्ञ | मधमल्ला | टंक बहादुर राई, मिक्लाजुंग १ | २.१५ | तेजपात, रिठा र अमला | ३८५०.०० |
| ज्ञङ | लेटागं | बशन्त सा वा, लेटागं ५ | १.०८ | तेजपात, चिउरी र अमला, हर्रो बर्रो, रक्तचन्दन | १८००.०० |
| ज्ञघ | लेटागं | किर्तीमान सा व , लेटांग ३ | ३.१९ | बाँस, खयर, अम्बक, अमला, मेवा, सतिसाल | ३०००.०० |
| ज्ञह्र | सलकपुर | सुकुना सा.व., सुन्दरहरैचा १० | ७ | टीक, सतिसाल लगायतका प्रजातिहरु | ११२००.०० |
| ज्ञछ | सलकपुर | सलकपुर सा.व., सुन्दरहरैचा | ३ | टीक, सतिसाल लगायतका प्रजातिहरु | ४८००.०० |
| ज्ञट | कानेपोखरी | लक्ष्मी सा व कानेपोखरी | २ | साल, सतिसाल, कर्मा आदि । | ३२००.०० |
| ज्ञठ | बेलबारी | बेलबारी चिसाङ साझेदारी वन | १.१३ | बाँस, खयर रोपण | १६००.०० |
| ज्ञड | लाटीझोडा | लाटीझोडा साझेदारी वन | | बाँस, रोपण | ५००.०० |
| ज्ञढ | लेटागं | जनचाहना सा व लेटागं २ | २.३२ | सतिसाल, अमला, चिउरी, साल, रिठा | ३७१२.०० |
| | | जम्मा | ४९.०४ | | ६९,०२२.० |

## ५.४.५ गोडमेल र पुनःरोपण

विगत आ.व.मा सम्पन्न भएका सार्वजनिक वृक्षारोपण क्षेत्र, साझेदारी वनमा पुनरोत्पादन कटान भएका प्लटहरुमा निम्न अनुसारको गोडमेल र पुनःरोपणको कार्य सम्पन्न भएको छ । यस बाहेक सामुदायिक वन उपभोक्ता समुहले आ—आफ्नो वनक्षेत्रमा विगत आ.व.हरुमा गरेको वृक्षारोपण क्षेत्रमा समेत गोडमेल र पुनःरोपणको कार्य गरेका छन् । यसको विवरण तलको तालिका अनुसार छ ।

| सि.न. | विवरण | क्षेत्रफल (हे.) |
|---|---|---|
| १ | लाटीझोडा साझेदारी वन | ६० |
| २ | लोहन्द्रा केराबारी साझेदारी वन | ४२ |
| ३ | बेलबारी चिसाङ साझेदारी वन | ४७ |
| ४ | पथरी शनिश्चरे साझेदारी वन | २५ |
| ५ | तराई मधेश हरियाली कार्यक्रम | ९ |
| | जम्मा | १८३ |

श्रोत: डि.व.का.मोरङ, २०८०

### ५.४.६ सडकछेउ वृक्षारोपणक्षेत्र (Roadside plantation)

यस आ.व.मा विराटनगर महानगरपालिकाका निम्न वडाहरुले सब डिभिजन वन कार्यालय विराटनगरसँग समन्वय गरी टोकरी सहित निर्माण गरी कल्की फूल लगायतका विरुवाहरु सहरीक्षेत्रमा सौन्दर्य हेतु रोपण गरिएको छ ।

तपसिल

१. विराटनगर म.न.पा. वडा नं. ५ मा १५० वटा
२. विराटनगर म.न.पा. वडा नं. १० मा ७५ वटा
३. विराटनगर म.न.पा. वडा नं. १८ मा ७५ वटा

### ५.४.७ सिमसार तथा पर्यापर्यटन व्यवस्थापन कार्यक्रम

कोशी प्रदेश, पर्यटन, वन तथा वातवारण मन्त्रालयबाट स्वीकृत कार्यक्रम अन्तर्गत निम्न स्थानहरुमा सिमसार तथा पर्यापर्यटन अभिबृद्धि कार्यक्रम संचालन भएको थियो ।

**तपसिल**

| सि.नं. | समुहको नाम | कार्यको विवरण | रकम रु | तस्वीर |
|---|---|---|---|---|
| १ | सिमसार संरक्षण तथा व्यवस्थापन, (कटनु रतुवामाई १०, मोरङ( | खोला किनारमा चेकड्याम निर्माण | ५ लाख |  |
| २ | कालोपानी सा.व. केराबारी ६ र डाँसमोरङ्गी सा.व.पथरीशनिश्चरे १० | सा.व.मा पर्यापर्यटन प्रवर्द्धन (चिल्ड्रेन पार्क निर्माण र सिमसार क्षेत्र निर्माण) | १६ लाख |  |
| ३ | शान्ती सा.व.उ.स. पथरीशनिश्चरे १ | सुर्यकुण्ड छठपोखरी | ९ लाख |  |

## ६. वन व्यवस्थापनका कार्यहरु

यस जिल्लामा रहेका ४ गोटा साझेदारी वनहरु क्रमशः लाटीझोडा, लोहन्द्रा कोरावारी, बेलबारी चिसाङ्ग, पथरी शनिश्चरे साझेदारी वन उपभोक्ता समूहको वन नियामावली २०७९ अनुसार समुह गठन, विधान दर्ता तथा नयाँ व्यवस्थापन समिति र कार्यान्वयन एकाई गठान भई कार्य सुचारु भएको छ । हाल वैज्ञानिक

वन व्यवस्थापनको कार्यविधी २०७१ नेपाल सरकारबाट खारेज भएकोले प्रशासनिक कार्यहरु बाहेक सघन वन व्यवस्थापनको कार्य हुन नसकी साझेदारी वन व्यवस्थापन समुह, समिति र कार्यरत कर्मचारीहरु मार्फत स्थानीयत तहसँग समेत समन्वय गरी वनजंगल संरक्षण, गोडमेल, वृक्षारोपण, विरुवा उत्पादन आदि कार्यहरु सम्पन्न भएका छन् ।

## ७. स्विकृत कार्यक्रम र बजेट

आ.व. २०७९/८० मा संघीय र प्रदेश सरकारबाट प्राप्त भएका स्विकृत कार्यक्रम, बजेट र प्रगति विवरण अनुसूची ३ मा उल्लेख गरिएको छ ।

## ८. काठ दाउरा उत्पादन, आपुर्ति ब्यवस्थापन

आ.व. २०७९।०८० मा उत्पादन भएका वनपैदावारको विवरण तलको तालिका प्रस्तुत गरिएको छ ।

(अ) काठ दाउरा उत्पादन र विक्री वितरण

| सि.न. | वनको किसिम | उत्पादन | | | विक्री वितरण | | |
|---|---|---|---|---|---|---|---|
| | | काठ (क्यू.फिट) | दाउरा (चट्टा) | जडिबुटी (केजी) | काठ (क्यू.फिट) | दाउरा (चट्टा) | जडिबुटी (केजी) |
| १ | सरकारद्वारा व्यवस्थित वन | ६४२०३.७७ | ५०.७ | २७३०० | ५५८७२.७ | ३६ | २७३०० |
| २ | सामुदायिक वन | २२२४१०.५९ | ४३६.५५ | | ४०५१२.५ | ४१.२५ | |
| ३ | निजी (नम्बरी)आवादी | ४७५२२६.४३ | १०१५ | | ४७५२२६ | १०१५ | |
| ४ | साझेदारी वन | ४९१२.७५ | ०.५ | | १५१७.०२ | ० | |
| ५ | धार्मिक वन | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | ७,६६,७५३.५४ | १५०२.७३ | २७३०० | ५७३१२८.६१ | १०९२.२३ | २७३०० |

| निजी आवादी क्षेत्रबाट काठ दाउरा संकलन | | | |
|---|---|---|---|
| परिमाण ग्छरू | दाउरा चट्टा | मु.अ.कर | प्रदेश सेवा शुल्क |
| ४,७५,२२६.४३ | १०१४.९८ | १,३६,९३,९६८ | ९,७२,४४७ |

(आ) वन पैदावारबाट लाभान्वित घरधुरी संख्या

| क्र.सं. | प्रयोजन | लाभान्वित घरधुरी /संस्था | काठ (क्यु.फि.) | दाउरा (चट्टा) |
|---|---|---|---|---|
| १ | जिल्ला वन पैदावार आपूर्ति समिति (घरकाज प्रयोजन) | ४२८ | २५९१४.०७ | ० |
| २ | विकास निर्माण प्रयोजन) संस्था | ३ | ४४५.९ | ० |
| ३ | आगलागि पिडित | ३१ | १२२६.८८ | ० |

| | | | | |
|---|---|---|---|---|
| ४ | धार्मिक/दाह संस्कार संस्था | ५ | ० | ३३.५ |
| ५ | लाटीझोडा साझेदारी वन | ० | ० | ० |
| ६ | लोहन्द्रा केराबारी साझेदारी वन | ० | ० | ० |
| ७ | बेलबारी चिसाङ साझेदारी वन | १५४ | १५१७.०२ | ० |
| ८ | पथरी शनिश्चरे साझेदारी वन | ० | ० | ० |
| जम्मा | | ६२१ | २९,१०३.८७ | ३३.५ |

## ९. राजस्व र मु.अ.करको विवरण

चालु आ.व. २०७९।८० मा यस कार्यालयबाट संकलित राजस्व विवरण निम्न प्रकार रहेको छ ।

तालिका नं. ६: (क) राजस्व को विवरण

| सि.न | राजश्व शीर्षक | रकम रु. |
|---|---|---|
| १ | १४२१२-सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम | ० |
| २ | १४२१९-अन्य सेवा शुल्क तथा विक्री (प्रदेश सेवा शुल्क) | १४८४१५९.९९ |
| ३ | १४२२१- न्यायिक दस्तुर | ० |
| ४ | १४२२९- अन्य प्रशासनिक सेवा शुल्क | ३१२३५८ |
| ५ | १४२६४- वन क्षेत्रको अन्य आय (टाँचा –..) | ३५,२५०.०० |
| ६ | १४३१२- प्रशासनिक दण्ड, जरिवाना र जफत | ६५,०५०.०० |
| ७ | १४३१३- धरौटी सदरस्याहा | ० |
| ८ | १५१११- बेरुजु | ३७३६४६ |
| ११ | ३३३६१-वन क्षेत्रको रोयल्टी | १००४५६३६६ |
| जम्मा | | १०,२७,२६,८३० |

## (ख) मु.अ.करको विवरण

| सि.न. | वनको किसिम | मु.अ.कर |
|---|---|---|
| १ | सरकारद्वारा व्यवस्थित वन | १३०९१४८५ |
| २ | सामुदायिक वन | ६७४२३७० |
| ३ | निजी नम्बरी आवादी | १३६९३९६८ |
| ४ | साझेदारी वन | ० |
| ५ | धार्मिक वन | ० |
| जम्मा | | ३,३५,२७,८२३ |

## १०. मुद्दा दायरी र फर्छ्यौट

वन र वन्यजन्तु अपराध नियन्त्रण र कानुन कार्यान्वयनमा सहजताका लागि सलकपुर, बेलबारी र मंगलबारे सब—डिभिजन वन कार्यालयहरुको साथै थप १ थुनुवा कोठा डिभिजन वन कार्यालयमा पनि व्यवस्थापन गरिएको छ । वनजंगल संरक्षणका लागि सकलपुर, बेलबारी र मंगलबारे सब डिभिजन वन कार्यालय तथा डिभिजन हरुमा ड्युटी रजिष्टरमा अभिलेख राखी सो अनुसार सशस्त्र वन रक्षक तथा वन कर्मचारीहरु र साझेदारी वनका हेरालु मार्फत संयुक्त गस्ती परिचालन गरिएको छ । वन जंगल संरक्षण लक्षित गस्ती कार्यलाई तिब्रता दिई वन अपराधीहरुलाई कानूनी कार्यबाहीको दायरामा ल्याउने कार्य जारि छ । चालु आ.व.मा अवैध वनपैदावार तथा वन्यजन्तु चोरी शिकारीको अभियोगमा  डिभिजन वन कार्यालयबाट अनुसन्धान भई सम्मानित मोरङ जिल्ला अदालतमा यस अवधिसम्ममा जम्मा मुद्दा १० वटा दायर भएका छन् ।

## ११. सूचना अधिकारी र प्रमुखको नाम र पद

कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद यस प्रकार छन् ।

(क) कार्यालय प्रमुखको **नाम**: विष्णुलाल घिमिरे,<br>
**पद**: डिभिजनल वन अधिकृत,<br>
सम्पर्क नं. ९८५२०२६६१४

(ख) सूचना अधिकारीको **नाम**: राम लखन ठाकुर,<br>
**पद**: सहायक वन अधिकृत,<br>
**सम्पर्क नं.** ९८५२०८१११०

## १२. कार्यालयको वेभसाइट र इमेल ठेगाना :


**Website:** dfomorang.koshi.gov.np<br>
**email:** dfomorang@gmail.com

**अनुसूची १ डिभिजन र सब डिभिजन कार्यालयहरु रहेको स्थान र कार्यक्षेत्रको विवरण**

| सव-डिभिजन वन कार्यालयको नाम | कार्यालय रहेको स्थान | स्थानीय तहहरु | GPS Co-ordinate | |
|---|---|---|---|---|
| | | | X | Y |
| सव-डि.व.का. सलकपुर | सुन्दर हरैचा न.पा. वडा नं. ८, सलकपुर (साबिक सलकपुर से.व.का. भवन) | सुन्दरहरैचा न.पा. वडा नं. १,२,३,७,८,९,१०,११,१२, बेलबारी न.पा. वडा नं. २, केराबारी गा.पा. वडा नं. ९, | 534412 | 2945035 |
| सव-डि.व.का. मंगलबारे | उर्लाबारी न.पा. ३, (साबिक मंगलबारे से.व.का. भवन) | उर्लाबारी न.पा. रतुवामाई न.पा. वडा नं. ८,९,१० | 559812 | 2949316 |
| सव-डि.व.का. | केराबारी ८ | केराबारी गा.पा.वडा नं. १,२,३,७,८,१० | 539999 | 2959356 |

| सव-डिभिजन वन कार्यालयको नाम | कार्यालय रहेको स्थान | स्थानीय तहहरु | GPS Co-ordinate | |
|---|---|---|---|---|
| | | | X | Y |
| केराबारी | (साबिक केराबारी ई.व.का. भवन) | | | |
| सव-डि.व.का. पथरी | पथरी शनिश्चरे न.पा. १<br>(साबिक पथरी ई.व.का. भवन) | पथरी शनिश्चरे न.पा.<br>सुनवर्षी न.पा.वडा नं. १,२ | 555525 | 2949153 |
| सव-डि.व.का. विराटनगर | विराटनगर म.न.पा. | विराटनगर म.न.पा.,<br>जहदा गा.पा.,<br>कटहरी गा.पा.,<br>ग्रामथान गा.पा.<br>बुढीगंगा गा.पा. | 529930 | 2926576 |
| सव-डि.व.का. मधुमल्ला | मिक्लाजुगं गा.पा. ७<br>(साविक मधुमल्ला ई.व.का. रहेको भवन) | मिक्लाजुङ्ग गा.पा.को वडा न १,२,३,६,७,८,९ | 566207 | 2957702 |
| सव-डि.व.का. बेलबारी | बेलबारी न.पा.३<br>(साविक बेलबारी से.व.का. रहेको ठाउँ) | बेलबारी न.पा वडा नं. १,३,४,५,६, ७, ८,९, १०,११<br>लेटांग न.पा. वडा नं. २ | 542019 | 2948704 |
| सव-डि.व.का. कानेपोखरी | कानेपोखरी गा.पा. वडा नं. ५, कानेपोखरी<br>(साविक वयरवन ई.व.का. भवन) | कानेपोखरी गा.पा. | 549546 | 2948791 |
| सव-डि.व.का. रंगेली | रंगेली बजार | रतुवामाई न.पा. वडा नं. १,२,३,४,५,६,७,<br>सुनवर्षी न.पा. वडा नं. ३,४,५,६,७,८,९,<br>रंगेली न.पा. १ देखि ९,<br>धनपाल गा.पा. | | |
| सव-डि.व.का. लेटाङ | लेटागं न.पा. बजार | लेटांग न.पा. वडा न..१,३,४,५,६,७ | 550485 | 2957219 |
| सव-डि.व.का. जाँते | लेटागं न.पा. वडा नं. ९<br>(साविक ई.व.का. भवन रहेको ठाउँ) | लेटांग न.पा. वडा नं. ८, ९,<br>मिक्लाजुगं गा.पा. वडा नं. ४ र ५ | 554138 | 2957062 |
| सव-डि.व.का. लाटिझोडा | सुन्दर हरैचा न.पा. वडा नं. ५, लाटीझोडा | सुन्दरहरैंचा न.पा. वडा नं. ४,५,६,<br>केराबारी गा.पा. वडा नं. ४,५,६ | | |
| डिभिजन वन कार्यालय मोरङ | विराटनगर म.न.पा. वडा नं ४, पोखरीया | मोरङ जिल्लाभरी | 528092 | 2928518 |

## अनुसूची २ डिभिजन र सब डिभिजन कार्यालयहरु रहेको स्थान र कार्यक्षेत्रकोको नक्सा


Division and Sub Division
Forest Offices of Morang District
1.Madhumalla_SDFO
2. Mangalbare_SDFO
3.Pathari_SDFO
4. Jante_SDFO
5.Letang_SDFO
6.Kanepokhari_SDFO
7.Belbari_SDFO
8.Salakpur_SDFO
9.Kerabari_SDFO
10. Latjhoda_SDFO
11. Biratnagar_SDFO
12.Rangeli_SDFO
Morang_DFO
1:300,000
Kilometers
0 2.5 5 10 15
UTM_UPS_45R
WGS_1984

अनुसूची ३: विनियोजित बजेट र प्रगति विवरण

| क्र.स. | ब.उ.शी.न. | कार्यक्रमको नाम | वार्षिक लक्ष्य (रु. लाखमा) | वार्षिक प्रगति (रु. लाखमा) | वार्षिक प्रगति (प्रतिशत) |
|---|---|---|---|---|---|
| १ | ३२९०१०१२ | डिभिजन वन कार्यालयहरू | ८९४.२४ | ८४८.७१ | ९४.९१ |
| २ | ३२९०११०१ | प्रदेश वन विकास तथा व्यवस्थापन कार्यक्रम | १८८.५३ | १६९.२१ | ८९.७५ |
| ३ | ३२९०११०२ | प्रदेश हरित अभियान कार्यक्रम | ७८.३७ | ६१.०५ | ७७.९ |
| ४ | ३२९००१०१ | वातावरण संरक्षण कार्यक्रम | ५ | ४.९६ | ९९.२ |
| ५ | ३२९९११२६ | वन तथा भु संरक्षण (संघ शसर्त अनुदान) | ५२.१ | २३.४३ | ४४.९७ |
| ६ | ३२९९११२० | डिभिजन वन कार्यालयहरू (वन सुरक्षा सैनिक समेत) | १७९.३६ | १७५.०३ | ९७.५९ |
| ७ | ३२९९११२४ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (संघ शसर्त अनुदान) | २११.५ | १९२.१५ | ९०.८५ |
| ८ | ३२९९११२२ | जडिबुटी विकास (संघ शसर्त अनुदान) | १० | ३.९९ | ३९.९ |
| ९ | ३२९९११२१ | वातावरण विभाग (संघ शसर्त अनुदान) | १० | ९.८९ | ९८.९ |
| जम्मा | | | १६२९.१ | १४८८.४२ | ९१.३६ |